आज मिति२०८३/५/२३ गते व्यास नगर कार्यपालिकाको २४६ औं बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखरेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| प्रशासकीय अधिकृत | – श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८३/५/८ गते भएको २४५औं कार्यपालिका बैठक र सेवा प्रवाहको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.२: मिति २०८३/५/१० गते भोटेकोशी नदीमा आएको बाढीले सृजना गरेको विपद्जन्य घटनाको सहयोग सम्बन्धमा ।

प्रस्ताव नं.३: २०८३/६/२ गते राष्ट्रिय शिक्षा दिवस कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं.४: व्यास नगरपालिका भित्रका मरणघाट, चिहान, कब्रिस्तान र समाधिस्थलको अभिलेखिकरण सम्बन्धमा ।

प्रस्ताव नं.५: घर नक्सा पास वा घर कायम नभएका घरजग्गाहरुको सम्पत्तिकर लिने सम्बन्धमा ।

प्रस्ताव नं.६: २०८३ को चाडवाड लक्षित नगर भित्रका सडक नाला बाटाहरु र सार्वजनिक स्थल सफाई सम्बन्धमा ।

प्रस्ताव नं.७: विद्यमान विपद्जन्य राष्ट्रिय शोकको अवस्थामा तीज पर्वलाई भड्किलो नबनाउन अनुरोध गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.८: बजारमा देखिएको ग्यासको अभावलाई व्यवस्थित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.९: व्यास ५ चैनपुरमा बसोबास गर्ने धनमाया गुरुङको घरबास व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.१०: लामो समय विद्यालय स्वास्थ्य चौकीमा कार्यरत रही उमेरका कारणले निवृत्त हुने कर्मचारीलाई राहत सुविधा दिने सम्बन्धमा ।

प्रस्ताव नं.११: बाल विकास शिक्षक लगायतका शिक्षक कर्मचारीहरुको तलब सुविधाको गुनासो सम्बन्धमा ।

प्रस्ताव नं.१२: भूमिहिन दलित, भूमिहिन सुकुम्बासीको नाप विवरण प्रमाणित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१३: कुहिने फोहरबाट तत्काल जैविक मल उत्पादन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१४: व्यास १० गौसंरक्षण केन्द्रमा हड्डी संकलन भवन निर्माण सम्बन्धमा ।

प्रस्ताव नं.१५: विज्ञापन बोर्ड स्थापनाका लागि अनुमति दस्तुर सम्बन्धमा ।

प्रस्ताव नं.१६: घर भाडा सम्झौता नवीकरण सम्बन्धमा ।

प्रस्ताव नं.१७: नारेश्वर ताल जलविहार सम्बन्धी कार्यविधि निर्माण अनुमति सम्बन्धमा ।

प्रस्ताव नं.१८: लेखापरीक्षक छनौट समिति सम्बन्धमा ।

प्रस्ताव नं.१९: जलेश्वर टोल मिर्लुङ खोला कल्भर्ट निर्माण सम्बन्धमा ।

प्रस्ताव नं.२०: स्वास्थ्य कर्मचारीलाई इन्धन तथा सञ्चार सुविधा दिने सम्बन्धमा ।

प्रस्ताव नं.२१: विज्ञ सदस्य मनोनयन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२२: दरबन्दी पुनरावलोकन सम्बन्धमा ।

प्रस्ताव नं.२३: तीज पर्व २०८३ मा स्थानीय बिदा दिने सम्बन्धमा ।

प्रस्ताव नं.२४: पराशर मार्गको दैनिक सुपरभिजन सम्बन्धमा ।

प्रस्ताव नं.२५: भूमि बैंक सञ्चालन निर्देशिका सम्बन्धमा ।

प्रस्ताव नं.२६: साझेदारी कोष अन्तर्गत हर्जना मिनाहा सम्बन्धमा ।

प्रस्ताव नं.२७: नगरपालिका अन्तर्गत पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, उद्यमशीलता विकास कार्यक्रमको श्रव्यदृष्य सम्बन्धमा ।

प्रस्ताव नं.२८: विपद्जन्य एवं तत्काल सम्बोधन गर्नुपर्ने कार्यमा रकम विनियोजन गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८३/०५/०८ गते भएको २४५ औं कार्यपालिकाका बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा मिति २०८३/०५/१० गते बागमती प्रदेशको भोटेकोशी नदीमा आएको बाढीबाट यस नगरपालिकाका आकृती कुमाल (वडा नं.५), प्रताप राना (वडा नं.७) र जिल्लाभर सम्पर्क बिहिन भएका व्यक्तिहरूको खोजतलास तथा उद्दारका लागि नेपाल सरकार तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिदिन सम्बन्धित निकायलाई अनुरोध गर्ने, दिवंगतहरूप्रति श्रद्धासुमन व्यक्त गर्दै घाइतेहरूको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने तथा घरपरिवार बिहिन भएका व्यक्तिहरूको सुरक्षित व्यवस्थापन गर्न सम्बन्धित निकायसँग अनुरोध गर्ने निर्णय गरियो । साथै यस व्यास नगरपालिका विपद् पुनःस्थापना कोषबाट रु.५,५१,०००/ (अक्षरेपी पाँच लाख एकाउन्न हजार रुपैयाँ मात्र) र नगरपालिकाका जनप्रतिनिधिहरूबाट र कर्मचारीहरूबाट समेत गरी जम्मा रु.२१,७४,९५९/८८ (अक्षरेपी एक्काइस लाख चौरहत्तर हजार नौ सय उनन्साठ्ठी रुपैयाँ अठासी पैसा मात्र) प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा जम्मा गरिएकोमा सो कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो । यस नगरपालिका अन्तर्गत कार्यरत सम्पूर्ण शिक्षकहरूको हकमा विद्यालयमार्फत सहयोग रकम संकलन तथा जम्मा गर्न गराउन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा मिति २०८३/०२/०६ गते राष्ट्रिय शिक्षा दिवसको अवसरमा यस नगरपालिका अन्तर्गत बसोवास गर्ने विगत १० वर्षको अवधिमा विद्यावारिधि (PhD) उपाधि हासिल गर्ने अनुसन्धानकर्ता, २०८२/०८३ मा विद्यालयबाट उत्कृष्ट नतिजा हासिल गराउने शिक्षक, उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी तथा शिक्षाको क्षेत्रमा विशेष योगदान पुऱ्याउने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं शिक्षकहरूलाई सम्मान तथा पुरस्कृत गर्ने गरी आवश्यक व्यवस्थापन गर्न शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**(क) राष्ट्रिय शिक्षा दिवसको अवसरमा सम्मान कार्यक्रम सम्बन्धमाः**

राष्ट्रिय शिक्षा दिवस २०८३ को अवसरमा यस नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुको सहभागीतामा "ज्ञान, विज्ञान, सीप, उद्यम र मौलिकताः साझेदारी र प्रणालीगत सक्षमता" भन्ने आदर्श बाक्यका साथ राष्ट्रिय शिक्षा दिवस २०८३ मिति २०८३।०६।०२ गते दमौली सभागृह हलमा विविध कार्यक्रम गरी तपसिलका विधामा विद्यालय, शिक्षक, विद्यार्थी सम्मान तथा पुरस्कृत गरी राष्ट्रिय शिक्षा दिवस मनाउन प्रस्तावना अनुसारको खर्च शीर्षक ९३ र ९४ बाट खर्चव्यवस्थापन गर्न शिक्षा, युवा तथा खेलकुद शाखालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | विधा | सम्मान तथा पुरस्कार |
|---|---|---|
| १ | शैक्षिक सत्र २०८२ को कक्षा ५, 8, १० र १२ को वार्षिक परीक्षामा उत्कृष्ट जि.पि.ए. प्राप्त गर्ने छात्र/छात्रा | नगद पुरस्कार प्रथम रु.५,०००।-, द्वितीय रु.३,५००।- र तृतीय रु.२,५००।- फ्रेम सहित प्रमाण पत्र र |
| २ | शैक्षिक सत्र २०८२ को कक्षा ५, ८, १० र १२ को वार्षिक परीक्षामा सबैभन्दा धैरै प्रतिशत विद्यार्थी उत्तीर्ण गराउने सामुदायिक विद्यालय (विद्यार्थी संख्या कम्तीमा २० जना हुनुपर्ने, २० भन्दा धैरै भएको विद्यालय भएमा सबैभन्दा धैरै विद्यार्थी भएको विद्यालय) | फ्रेम सहित प्रमाण पत्र र दोसल्ला |
| ३ | शैक्षिक क्षेत्रमा सहयोगी संघ/संस्था/उत्कृष्ट व्यवस्थापन समिति/प्रधानाध्यापक | फ्रेम सहित प्रमाण पत्र र दोसल्ला |
| ४ | शैक्षिक सत्र २०८२ को कक्षा १० र १२ को वार्षिक परीक्षामा आफूले अध्यापन गराउने विषयमा १०० | फ्रेम सहित प्रमाण पत्र र दोसल्ला |

| क्र.सं. | विधा | सम्मान तथा पुरस्कार |
|---|---|---|
| | प्रतिशत विद्यार्थी उत्तीर्ण गराउने शिक्षक (गणित र विज्ञान विषयको हकमा ९० प्रतिशतभन्दा बढी उत्तीर्ण गराउने शिक्षक) सामुदायिक तथा संस्थागत विद्यालय दुवैको | |
| ५ | विषयगत औषत जि.पी.ए. मध्ये उत्कृष्ट विषयगत शिक्षक | फ्रेम सहित प्रमाण पत्र र दोसल्ला |
| ६ | शैक्षिक सत्र २०८३ बैशाख महिनादेखि हालसम्म स्थायी सेवाबाट अवकास भएका निवृत्त शिक्षक | दीर्घसेवा पदक, फ्रेमसहित प्रमाण पत्र र दोसल्ला |
| ७ | विद्यालयहरुमा शिक्षकहरुले प्रयोग गर्नुभएको शिक्षक पाठयोजना डायरी मध्ये उत्कृष्ट ३ शिक्षक पाठयोजना डायरी प्रयोगकर्ता | फ्रेम सहित प्रमाण पत्र र दोसल्ला |
| ८ | विद्यालयहरुमा शिक्षकहरुले प्रयोग गर्नुभएको मूल्याङ्कन अभिलेखीकरण पुस्तिका मध्ये उत्कृष्ट ३ प्रयोगकर्ता | फ्रेम सहित प्रमाण पत्र र दोसल्ला |
| ९ | विद्यालयमा सबैभन्दा धैरै हाजिरी हुने शिक्षक/कर्मचारी | फ्रेम सहित प्रमाण पत्र र दोसल्ला |
| १० | २५ वर्ष सेवा पूरा गरेका बाल विकास सहजकर्ताहरुलाई दीर्घ सेवा पदक सहित | फ्रेम सहित प्रमाण पत्र,दोसल्ला र दीर्घ सेवा पदक |
| ११ | २५ वर्ष सेवा पूरा गरेका विद्यालय कर्मचारी | फ्रेम सहित प्रमाण पत्र, दोसल्ला र दीर्घसेवा पदक |
| १२ | उमेरले सेवा अवकास भएका विद्यालय कर्मचारी | फ्रेम सहित प्रमाण पत्र, दोसल्ला, दीर्घ सेवा पदक र निर्णय १० अनुसार रकमबाट पुरस्कृत |
| १३ | शिक्षा, युवा तथा खेलकुद क्षेत्रमा विशिष्ट योगदान | फ्रेम सहित प्रमाण पत्र, दोसल्ला र दीर्घ सेवा पदक |
| १४ | राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा उत्कृष्ट विज्ञान प्रविधि तथा नवप्रवर्तन प्रस्तुती गर्ने विद्यार्थी | फ्रेम सहित प्रमाण पत्र, दोसल्ला |
| १५ | २०७४ जेठ महिनादेखि हालसम्म विद्यावारिधि गर्ने महानुभाव (स्थायी ठेगाना व्यास नगरपालिका हुनुपर्ने) | फ्रेम सहित प्रमाण पत्र,दोसल्ला र दीर्घसेवा पदक |

**(ख)** **<u>समिति गठन सम्बन्धमाः</u>**

शिक्षा दिवसको अवसरमा गरिने सम्मान कार्यक्रमका लागि माथी उल्लेख गरिए बमोजिम गर्ने, उक्त विधा बाहेकका अन्य विधा थप गर्नुपरेमा तपसिलको समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

संयोजक : श्री वैकुण्ठ न्यौपाने - नगरप्रमख

सदस्य : श्री इन्दिरा दरै - उपप्रमुख

सदस्य : श्री सुकदेव लम्साल - प्रमुख प्रशासकीय अधिकृत

सदस्य : श्री चन्द्रमाया परियार - संयोजक सामाजिक विकास समिति

सदस्य सचिव : श्री केदारराज आचार्य उपसचिव/शाखा प्रमुख, शिक्षा युवा तथा खेलकुद शाखा

**(ग) छनौट समिति गठन सम्बन्धमाः**

शिक्षा दिवसको अवसरमा गरिने सम्मान कार्यक्रमका लागि विद्यालयबाट प्राप्त हुने शिक्षक पाठयोजना डायरी, विद्यार्थी मूल्याङ्कन अभिलेखीकरण पुस्तिका र शिक्षक हाजिरीको मूल्याङ्कन गरीउत्कृष्ट ३ छनौट तथा सिफारिस गर्न तपसिलको समिति गठन गरी जिम्मा दिने निर्णय गरियो ।

संयोजक : श्री केदारराज आचार्य उपसचिव/शाखा प्रमुख, शिक्षा युवा तथा खेलकुद शाखा

सदस्य : श्री नारायणदत्त पौडैल पूर्वस्रोत व्यक्ति/नगर शिक्षा समिति सदस्य

सदस्य : श्री यमबहादुर आले नगर शिक्षा समिति सदस्य

सदस्य : शिक्षा विकास तथा समन्वय एकाइका अधिकृत

सदस्य सचिव : श्री नवीन पराजुली शिक्षा अधिकृत शिक्षा युवा तथा खेलकुद शाखा

**निर्णय नं.४**: प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका विभिन्न जाती तथा समुदायले परम्परादेखि प्रयोग गर्दै आएका घाट, चिहान, कब्रिस्तान/ समाधिस्थल लगायतका अन्त्येष्टि स्थलहरूको पहिचान तथा अभिलेखीकरण गर्ने कार्यका लागि सम्पूर्ण वडा कार्यालयहरू, भूमि प्रशासन शाखा तथा घर नक्सा शाखालाई आवश्यक समन्वय गरी कार्य अघि बढाउन निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.५**: प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका घरनक्सा पास वा घर कायम नभएका घरहरूको सम्पत्तिकर लिन कठिनाइ भइरहेको गुनासो प्राप्त भएकाले, हाल नेपाल सरकारले घर कायममा रोक्का लगाएको अवस्थामा घर कायम खुलेपछि सोही अनुसार निर्णय हुने गरी, हाललाई घरले चर्चेको जग्गाको हकमा निर्धारित मूल्य तथा घरको हकमा भूमि व्यवस्थापन तथा घर नक्सा शाखाको मापदण्ड अनुसार सम्बन्धित प्राविधिकबाट गरिएको नापजाँच एवं तला सङ्ख्याका आधारमा सम्पत्तिकर लिने व्यवस्था गर्न वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६**: प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा नेपालीहरुको २०८३ को चाडपर्वहरु प्रारम्भ भइसकेकाले व्यास नगरपालिका अन्तर्गतका सडक, नाला एवं पैदलमार्ग, सार्वजनिक चौतारा लगायतका सार्वजनिक स्थानहरूको सरसफाइ एवं मर्मत–सम्भार व्यवस्थापन गर्न सम्बन्धित वडाका टोल विकास संस्थाहरू समेतको सहभागितामा प्रक्रिया अघि बढाउन सबै वडाहरूलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७**: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा हालसालै आएको भोटेकोशीको बाढीले गर्दा सिंगै देश शोकमा रहेको यस दुखदः घडीमा २०८३ सालको तीज पर्वलाई भड्किलो रुपमा नमनाउन सम्पूर्ण नगरवासीमा हार्दिक अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**: प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा हालसालै बजारमा देखिएको ग्याँसको अभावलाई समाधान गर्न यस अघि प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख समेतको रोहवरमा खुद्रा बिक्रेता मार्फत बिक्री गर्ने गराउने निर्णय भएकोमा कतिपय खुद्रा बिक्रेताकोमा हालसम्म ग्याँस नपुगेको तथा कतिपय बिक्रेताले अतिरिक्त मूल्य थप गरी बिक्री गर्ने गरेको गुनासो आएकाले अतिरिक्त मूल्य थप गरी बिक्री गर्ने तथा लिने कार्यमा संलग्नलाई प्रचलित कानुन बमोजिम कारबाही गर्न गराउन सुरक्षा निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.९**: प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास ५ चैनपुरको वैलानी प्रति जग्गामा सरसफाई केन्द्र स्थापना गर्न प्रकृया अघि बढेकाले सोही ठाउँमा बसोवास गर्ने श्री धनमाया गुरुङ र निजको पति, नाबालक बच्चाको घर वासको व्यवस्था गरी स्थानान्तरण गर्नुपर्ने देखिंदा जग्गा व्यवस्था गर्न वडा नं.५ को वडा समितिलाई जिम्मेवारी दिने र घर निर्माणका लागि बढिमा रू.१,५०,०००/- (अक्षेरुपी एक लाख पचास हजार) बजेट शीर्षक नं.९१५ बाट खर्च गर्ने गरी स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.१०**: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा लामो समयसम्म स्वास्थ्य चौकी वा विद्यालय सहयोगीका रुपमा कार्य गरी निवृत्त हुने कर्मचारीलाई उपदान वा निवृतिभरणको कुनै व्यवस्था नभएकाले ५ वर्षदेखि १० वर्षसम्म कार्य गर्नेको हकमा १ महिना बराबरको, १० वर्षदेखि १५ वर्षसम्म कार्य गर्नेलाई ४५ दिनको र १५ वर्षभन्दा बढि वर्ष सेवा गरी निबृत्त हुनेलाई २ महिना बराबरको निवृत्त हुंदा खाइपाई आएको तलब सुविधा अनुसारको रकमबाट पुरस्कृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा बालविकास शिक्षक लगायतका कर्मचारीहरुको खाइपाइ आएको तलब सुविधामा घटाइएको भनी गुनासो आएकाले गतवर्षको सुविधामा निम्नानुसार बढेको पाइकोले सोही व्यहोरा जानकारी दिने निर्णय गरियो ।

| क्र.सं. | शिक्षक/कर्मचारी | गतवर्षको सुविधा | यस वर्षको सुविधा |
|---|---|---|---|
| १. | बाल विकास शिक्षक | १९,१००/- | २१,५००/- |
| २. | लेखापाल | १९,५००/- | २३,५००/- |
| ३. | कार्यालय सहयोगी | १६,५००/- | १८,५००/- |
| ४. | सिकाइ कर्मचारी | १२,०००/- | १८,५००/- |
| ५. | विशेष कक्षा आमा | १५,०००/- | १८,५००/- |

**निर्णय नं.१२**: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत नापी कार्य सम्पन्न भएका वडा नं.९, १० र १२ का भूमिहिन दलित, भूमिहिन सुकुम्वासीहरुको वडाबाट सिफारिस गरी पठाइएको निम्नानुसारका विवरण प्रमाणित गरी जिल्ला समितिमा पठाउने निर्णय गरियो ।

<u>व्यास ९ को भूमिहिन सुकुम्बासी (१ देखि ७ सम्म)</u>

| क.सं | निवेदन फारम | निवेदन दर्ता(कोड) नं. | परिवारमुलीको र निजको पति/पत्नीको नाम | कैफियत |
|---|---|---|---|---|
| १. | BS०४८३०२ | BS०००६ | सरस्वती कुमाल/प्रकाश कुमाल | |
| २. | BS०४८३०१ | BS०००७ | मिना घर्ती/हरिबहादुर घर्ती | |
| ३. | BS०४८२९४ | BS०००३ | माया घर्ती/सन्तबहादुर घर्ती | |
| ४. | BS०४८२९५ | BS०००८ | सुनिता घर्ती/पदमबहादुर घर्ती | |
| ५. | BS१७९१९१ | BS०१०९३ | पदमबहादुर गुरुङ/नभएको | |
| ६. | BS १७९१९० | BS०१०१२ | आशा गुरुङ/जीवन गुरुङ | |
| ७. | BS०४८२९८ | BS०००१ | झकमाया गुरुङ/जितबहादुर गुरुङ | |

<u>व्यास ९ को भूमिहिन दलित (८ देखि १० सम्म)</u>

| | | | | |
|---|---|---|---|---|
| ८. | BD०४८३०० | BD०००३ | सुक बहादुर वि.क./बालकुमारी वि.क. | |
| ९. | BD१७९२०५ | BD०१०२६ | सुकमाया वि.क./प्रेमबहादुर वि.क. | |
| १०. | BD०४८२९७ | BD०००५ | मंगलबहादुर सुनार/फुलमाया सुनार | |

<u>व्यास १० को भूमिहिन सुकुम्बासी (१ देखि १७ सम्म)</u>

| सि.नं | निवेदन फारम | निवेदन दर्ता (कोड) नं. | परिवारमुलीको र निजको पति/पत्नीको नाम | कैफियत |
|---|---|---|---|---|
| १. | BS१७९८०३ | BS०१०७१ | सरिता वि.क/इन्द्रमान वि.क. | |
| २. | BS०४८४५३ | BS००५३ | रत्नामाया कार्की/श्यामबहादूर भुजेल | |
| ३. | BS०१७९९९५ | BS०१००६ | कल्पना बोटे/आइतबहादुर माझी | |
| ४. | BS१७९४२९ | BS००२९ | महेन्द्र बहादुर दरै/सम्बन्ध विच्छेद | |

| सि.नं | निवेदन फारम | निवेदन दर्ता (कोड) नं. | परिवारमुलीको र निजको पति/पत्नीको नाम | कैफियत |
|---|---|---|---|---|
| ५. | BS१७९१८७ | BS०१०१० | यामबहादुर सुनार/मधुमाया सुनार | |
| ६. | BS१७९४३३ | BS००२४ | विष्णुप्रसाद न्यौपाने/विमला पाहारी न्यौपाने | |
| ७. | BS१७९४३२ | BS००२३ | श्रीप्रसाद न्यौपाने/सितादेवी न्यौपाने | |
| ८. | BS१७९४१३ | BS००४६ | विष्णुप्रसाद अधिकारी/शोमा अधिकारी | |
| ९. | BS०४८४२८ | BS०००१ | जमुना राना/लक्ष्मण आले | |
| १०. | BS१७९४३५ | BS००४१ | दिनेश गुरुङ/निशा गुरुङ | |
| ११. | BS१७९७९४ | BS०१०६१ | बिनोद परियार/दृष्टि परियार | |
| १२. | BS१७९८०१ | BS०१०७० | प्राप्ती सुनार/छविलाल वि.क. | |
| १३. | BS१७९४०१ | BS००३८ | मनकुमारी कार्की/डम्बरबहादुर कार्की | |
| १४ | BS४८४२७ | BS०००७ | सान्तीमाया सारु/सम्सेरबहादुर सारु | |
| १५. | BS४८४४१ | BS००१३ | किरण लामा/सिता लामा | |
| १६. | BS०४८४५३ | BS००२१ | धनबहादुर लामा/अविवाहित | |
| १७. | BS०४८४४३ | BS००१५ | देउमाया लामा/जितबहादुर लामा | |

व्यास १० को भूमिहिन दलित (१८ देखि २४ सम्म)

| | | | | |
|---|---|---|---|---|
| १८. | BD179392 | BD००२७ | उदय खाती अविवाहित | |
| १९. | BD०४८४४० | BD०००९ | मेक बहादुर परियार/बिवादेवी परियार गुरुङ | |
| २०. | BD०४८४३६ | BD०००७ | सावित्रीदमाई/धनबहादुर दमाई | |
| २१. | BD१७९८३३ | BD०१०६५ | रस्मिता परियार/मनोज परियार | |
| २२. | BD०४८४३५ | BD०००६ | चन्द्रबहादुर दमाई/शारदा परियार | |
| २३. | BD०४८४३७ | BD००१० | सन्तोष कामी/दिलमाया बस्नेत कामी | |
| २४. | BD१७९४२८ | BD००१९ | मनु विश्वकर्मा/राजेन्द्र विश्वकर्मा | |

ब्यास १२ को भूमिहिन सुकुम्वासी (१ देखि ६३ सम्म)

| सि.नं. | निवेदनफारम | निवेदनदर्ता कोर्ड नम्वर | परिवार घरमुलीको र निजको पति/पत्निको नाम | कैफियत |
|---|---|---|---|---|
| १. | BS179146 | BS0095 | निवेदकको नाम: कुवालबहादुर भुजेल<br>श्रीमान/श्रीमती: अन्यत्र गएको | |
| २ | BS179113 | BS0087 | निवेदकको नाम: श्रीबहादुर आले<br>श्रीमानको नाम: सम्बन्ध बिच्छेद | |
| ३ | BS0048470 | BS 003 | निवेदकको नाम: गौधारा भुजेल<br>श्रीमानको नाम: बलराम भुजेल | |
| ४. | BS818053 | BS0036 | निवेदकको नाम: बेल ब. भुजेल<br>श्रीमान/श्रीमती: अन्यत्र गएको | |
| ५. | BS179062 | BS0015 | निवेदकको नाम: खेम भुजेल<br>श्रीमतीको नाम: अविवाहित | |
| ६. | BS179639 | BS0136 | निवेदकको नाम: होमलाल भुजेल<br>श्रीमतीको नाम: सावित्री भुजेल | |
| ७. | BS179731 | BS0137 | निवेदकको नाम: टेकबहादुर भुजेल<br>श्रीमतीको नाम: सोमाया भुजेल | |
| ८ | BS179115 | BS0086 | निवेदकको नाम: बलबहादुर आले | |

| सि.नं. | निवेदनफारम | निवेदनदर्ता कोर्ड नम्वर | परिवार घरमुलीको र निजको पति/पत्निको नाम | कैफियत |
|---|---|---|---|---|
| | | | श्रीमतीको नामः अन्यत्र गएको | |
| ९. | Bs179112 | BS0089 | निवेदकको नामः श्री ब. आले<br>श्रीमती नामः हुमाकुमारी राना | |
| १०. | Bs048506 | BS0025 | निवेदकको नामः धनकुमारी गुरुङ<br>श्रीमानको नामः रीतेश गुरुङ | |
| ११. | BS179087 | BS0041 | निवेदकको नामः रमेश भुजेल<br>श्रीमतीको नामः बालकुमारी भुजेल | |
| १२. | Bs179059 | BS0040 | निवेदकको नामः इन्द्रमाया भुजेल<br>श्रीमानको नामः समबहादुर भुजेल | |
| १३.. | BS179119 | Bs0093 | निवेदकको नामः मधुप्रसाद आले<br>श्रीमतीको नामः सुकमाया आले | |
| १४ | Bs179120 | Bs0094 | निवेदकको नामः प्रेम ब. राना<br>श्रीमतीको नामः मधुमाया राना | |
| १५. | Bs179095 | Bs0073 | निवेदकको नामः दउपति पाण्डे<br>श्रीमतीको नामः गोमा पाण्डे | |
| १६ | BS179128 | BS0099 | निवेदकको नामः पदम ब. भुजेल<br>श्रीमतीको नाम : रिता भुजेल | |
| १७. | Bs179773 | BS00100 | निवेदकको नामः टेकबहादुर भुजेल<br>श्रीमतीको नामः चमेली भुजेल | |
| १८. | Bs179139 | BS00106 | निवेदकको नामः कुमार भुजेल<br>श्रीमतीको नाम : शोभा भुजेल | |
| १९. | BS179055 | BS0034 | निवेदकको नामः रामु भुजेल<br>श्रीमतीको नामः खिलमाया भुजेल | |
| २०. | Bs4801 | BS0021 | निवेदकको नामः मानकुमार थापा<br>श्रीमतीको नामः अस्मिता थापा | |
| २१.. | BS048491 | Bs0012 | निवेदकको नामः बुद्धिमाया भुजेल<br>श्रीमानको नामः लक्ष्मण भुजेल | |
| २२ | Bs179052 | Bs0029 | निवेदकको नामः निरमाया भुजेल<br>श्रीमानको नामः रमेश भुजेल | |
| २३. | Bs048484 | Bs007 | निवेदकको नामः सुमित्रा भुजेल<br>श्रीमानको नामः अमृत भुजेल | |
| २४ | BS179013 | BS0072 | निवेदकको नामः चित्र ब. राना<br>श्रीमतीको नामः मिना राना | |
| २५ | Bs048490 | BS0011 | निवेदकको नामः श्री लाल भूजेल<br>श्रीमतीको नामः हुमाकुमारी राना | |
| २६. | Bs179112 | BS0051 | निवेदकको नामः सम्सेरबहादुर भुजेल<br>श्रीमतीको नामः सरिता भुजेल | |
| २७. | BS179081 | BS0062 | निवेदकको नामः कविराज घर्ती क्षेत्री<br>श्रीमतीको नामः सिता घर्ती क्षेत्री | |
| २८. | Bs179129 | BS0096 | निवेदकको नामः नविन भुजेल | |

| सि.नं. | निवेदनफारम | निवेदनदर्ता कोर्ड नम्वर | परिवार घरमुलीको र निजको पति/पत्निको नाम | कैफियत |
|---|---|---|---|---|
| | | | श्रीमतीको नाम: कमलकुमारी सारु भुजेल | |
| २९.. | BS179188 | Bs0105 | निवेदकको नाम: नेत्रबहादुर भुजेल<br>श्रीमतीको नाम: कमला भुजेल | |
| ३० | Bs179073 | Bs0031 | निवेदकको नाम: डम्बर ब. भुजेल<br>श्रीमतीको नाम: मनमाया भुजेल | |
| ३१. | Bs179056 | Bs0035 | निवेदकको नाम: राजु भुजेल<br>श्रीमतीको नाम: अनिता भुजेल | |
| ३२ | BS013017 | BS0022 | निवेदकको नाम: पञ्चमाया भुजेल<br>श्रीमानको नाम : धनबहादुर भुजेल | |
| ३३ | Bs048503 | BS0026 | निवेदकको नाम: लिलावती भुजेल<br>श्रीमानको नाम: बिलबहादुर गुरुङ | |
| ३४. | Bs179739 | BS00116 | निवेदकको नाम: तिलबहादुर मगर<br>श्रीमतीको नाम: शुकमाया आले मगर | |
| ३५. | Bs048482 | BS0006 | निवेदकको नाम: गोपाल भुजेल<br>श्रीमतीको नाम : भ्रुलीमाया भुजेल | |
| ३६. | BS048502 | Bs0028 | निवेदकको नाम: सुनिमाया गुरुङ<br>श्रीमानको नाम: मुकेश गुरुङ | |
| ३७.. | Bs179130 | Bs0098 | निवेदकको नाम: ओमबहादुर भुजेल<br>श्रीमतीको नाम: अन्यत्र गएको | |
| ३८ | Bs179085 | Bs0066 | निवेदकको नाम: अस्मिता मगर<br>श्रीमानको नाम: चित्र ब. मगर | |
| ३९. | BS048316 | BS0100 | निवेदकको नाम: राम भुजेल<br>श्रीमतीको नाम : फुलमाया भुजेल | |
| ४० | Bs179079 | BS0057 | निवेदकको नाम: देवेन्द्र भुजेल<br>श्रीमतीको नाम: अन्यत्र गएको | |
| ४१ | Bs048486 | BS0009 | निवेदकको नाम: जुन्कीमाया भुजेल<br>श्रीमानको नाम: लक्ष्मण भुजेल | |
| ४२. | BS179125 | BS0097 | निवेदकको नाम: बम ब. घर्ती क्षेत्री<br>श्रीमतीको नाम: अन्यत्र गएको | |
| ४३. | Bs318057 | BS0108 | निवेदकको नाम: सन्तोष घर्ती क्षेत्री<br>श्रीमतीको नाम: सचिना घर्ती क्षेत्री | |
| ४४. | BS48490 | Bs0014 | निवेदकको नाम : कमलबहादुर भुजेल<br>श्रीमतीको नाम: अनिता भुजेल | |
| ४५.. | Bs179070 | Bs0039 | निवेदकको नाम: सन्सरा भुजेल<br>श्रीमानको नाम: जुक्त ब. भुजेल | |
| ४६ | BD179084 | BD0061 | निवेदकको नाम: सपना कडेल<br>श्रीमानको नाम: टेकनाथ कडेल | |
| ४७. | BS48475 | BS0013 | निवेदकको नाम: हरि ब. भुजेल<br>श्रीमतीको नाम: डिलमाया भुजेल | |
| ४८ | Bs179148 | BS0048 | निवेदकको नाम: शुक ब. बरैमगर | |

| सि.नं. | निवेदनफारम | निवेदनदर्ता कोर्ड नम्वर | परिवार घरमुलीको र निजको पति/पत्निको नाम | कैफियत |
|---|---|---|---|---|
| | | | श्रीमती: मिना आले बरै मगर | |
| ४९. | Bs18055 | BS0010 | निवेदकको नाम: एकनाथ लामा<br>श्रीमतीको नाम: रुपा लामा | |
| ५० | BS048485 | BS0008 | निवेदकको नाम: सम्मर ब. भुजेल<br>श्रीमतीको नाम: भिममाया भुजेल | |
| ५१. | Bs48496 | BS0017 | निवेदकको नाम: गणेश ब. भुजेल<br>श्रीमतीको नाम: रुपनी भुजेल | |
| ५२. | BS48499 | Bs0020 | निवेदकको नाम: रञ्जित थापा<br>श्रीमतीको नाम: कुमारी थापा | |
| ५३.. | Bs048489 | Bs0010 | निवेदकको नाम: हरिमाया भुजेल<br>श्रीमानको नाम: बिष्णु ब. भुजेल | |
| ५४ | Bs048494 | Bs0016 | निवेदकको नाम: सेर ब. भुजेल<br>श्रीमतीको नाम: फुलमाया गोले भुजेल | |
| ५५. | BS048488 | BS0033 | निवेदकको नाम: प्रकाश भुजेल<br>श्रीमतीको नाम: अन्यत्र गएको | |
| ५६ | Bs179054 | BS0032 | निवेदकको नाम: खुन्तीमाया भुजेल<br>श्रीमानको नाम: रेशम ब. भुजेल | |
| ५७ | Bs179103 | BS0080 | निवेदकको नाम: कुलप्रसाद पाण्डे<br>श्रीमतीको नाम: विमला पाण्डे | |
| ५८ | BS048505 | BS0023 | निवेदकको नाम: बिष्णु ब. गुरुङ<br>श्रीमतीको नाम: अन्यत्र गएको | |
| ५९. | Bs048478 | BS0005 | निवेदकको नाम: डिल ब. भुजेल<br>श्रीमतीको नाम: शर्मिला भुजेल | |
| ६० | BS048477 | Bs0002 | निवेदकको नाम: डम्बर ब. भुजेल<br>श्रीमतीको नाम: मनमाया भुजेल | |
| ६१.. | Bs048498 | Bs0019 | निवेदकको नाम: दिपक भुजेल<br>श्रीमतीको नाम: अन्यत्र गएको | |
| ६२ | Bs48497 | Bs0015 | निवेदकको नाम: नमराज भुजेल<br>श्रीमतीको नाम: जुठी भुजेल | |
| ६३ | Bs0179106 | Bs0081 | निवेदकको नाम: कुलदिप गुरुङ<br>श्रीमतीको नाम: नमुना गुरुङ | |

**व्यास १२ को भूमिहिन दलित( ६४ देखि ७८ सम्म)**

| | | | | |
|---|---|---|---|---|
| ६४. | BD979100 | BD00018 | निवेदकको नाम: पूर्णमाया कामी,<br>श्रीमानको नाम: खिमबहादुर कामी | |
| ६५. | BD179968 | BD0020 | निवेदकको नाम: सोममाया वि.क.<br>श्रीमानको नाम: काजीमान वि.क. | |
| ६६. | BD048487 | BD0004 | निवेदकको नाम: च्याम्सीमाया परियार<br>श्रीमानको नाम: टिकाराम परियार | |
| ६७. | BD179063 | BD0008 | निवेदकको नाम: डिलमाया कामी<br>श्रीमानको नाम: भक्तबहादुर कामी | |

| | | | | |
|---|---|---|---|---|
| ६८. | BD179066 | BD0005 | निवेदकको नाम: विष्णुमाया दमाई<br>श्रीमानको नाम: गणेश परियार | |
| ६९. | BD179109 | BD0017 | निवेदकको नाम: लक्षुमण कामी<br>श्रीमतीको नाम: सन्सरीमाया कामी | |
| ७०. | BD179145 | BD0010 | निवेदकको नाम: तुलबहादुर कामी<br>श्रीमतीको नाम: सुकमाया कामी | |
| ७१. | BD048472 | BD0002 | निवेदकको नाम: सुनिता परियार<br>श्रीमानको नाम: रविन्द्रबहादुर परियार | |
| ७२. | BD179108 | BD0019 | निवेदकको नाम: लक्षमण परियार<br>श्रीमतीको नाम: दिलकुमारी गुरुङ परियार | |
| ७३. | BD048474 | BD0001 | निवेदकको नाम: बसन्त परियार<br>श्रीमतीको नाम: रेवती परियार | |
| ७४. | BD048480 | BD0003 | निवेदकको नाम: कमला परियार<br>श्रीमानको नाम: अशोक  परियार | |
| ७५. | BD048483 | BD0025 | निवेदकको नाम: कमला परियार<br>श्रीमानको नाम: कर्ण परियार | |
| ७६. | BD048487 | BD0044 | निवेदकको नाम: हरिबहादुर वराली<br>श्रीमतीको नाम: जुना वराली | |
| ७७. | BD201449 | BD0022 | निवेदकको नाम: माया वि.क.<br>श्रीमानको नाम: सुकबहादुर वि.क. | |
| ७८ | BD179144 | BD0013 | निवेदकको नाम: मानबहादुर वि.क.<br>श्रीमतीको नाम: विष्णुमाया वि.क. | |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट संकलन भइरहेको कुहिने फोहोरको दीर्घकालीन समाधानका विभिन्न विकल्पहरुमा अध्ययन भइरहेकाले हाललाई कृषिजन्य कार्यमा प्रयोग गर्न जैविक मल उत्पादन गर्न अध्ययन एवं समन्वय गरी प्राविधिक प्रतिवेदन समेत आगामी बैठकमा पेश गर्न वन वातावरण तथा विपद शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास १० स्थित गौसंरक्षण केन्द्रमा मृत्यु भएका वस्तुहरुको हड्डी संकलन केन्द्र अत्यावश्यक भएको र उक्त हड्डी विक्री गर्न सकिने र मल उत्पादनमा प्रयोग गर्न सकिने हुँदा बजेट शिर्षक नं.९१६ बाट खर्च हुने गरी ल.ई. अनुसार रू.३,६८,७००/- (अक्षेरुपी तीन लाख अड्सठ्ठी हजार सात सय रुपैया) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत विज्ञापन बोर्ड राख्न सम्बन्धित पक्षले चाहेमा प्रति वोर्ड रू.१०,०००।(दश हजार) दस्तुर लिइ राख्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका पसल कवलहरु भाडामा लिइ सञ्चालन गर्ने व्यवसायीहरुको हरेक २ वर्षमा १० प्रतिशत भाडा दर बृद्धि हुने गरी सम्बन्धित पसल धनीको निवेदनका आधारमा बढीमा ५ वर्षसम्मका लागि नवीकरण निर्णय गरियो ।

तपशिलः

| क.सं. | प्रोपाइटर | सटर नं. |
|---|---|---|
| १ | सरु तिमल्सेना | E 1 |
| २ | मिरा श्रेष्ठ | E 3 |

| | | |
|---|---|---|
| ३ | सरु श्रेष्ठ | E 4 |
| ४ | श्याम मल्ल | E 5 |
| ५ | श्रीमाया गुरुङ्ग | E 6 |
| ६ | विनोद लौडारी पाण्डे | E 7 |
| ७ | सुवास वंश न्यौपाने | E 8 |
| ८ | भरत परियार | E 9 |
| ९ | इश्वर बहादुर विष्ट | E 10 |
| १० | तेजबहादुर रानाभाट | E 11 |
| ११ | लिला दर्जी | E 12 |
| १२ | कमल श्रेष्ठ | D 1 |
| १३ | मधु सिं थापा | C 16, 17, 001 |
| १४ | दानबहादुर घर्ती | C 18, 19 |
| १५ | गोपिकृष्ण नहर्की | C 20 |
| १६ | अजर नागिला | K 1 |

**निर्णय नं.१७**: प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा नारेश्वर ताल सञ्चालन व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गरी आगामी बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने र हाल कार्तिक मसान्तसम्मलाई परीक्षणकाल रहने गरी तालमा डुंगा सञ्चालन गर्दा प्रत्येक पटकको दस्तुरमा १० प्रतिशत ताल सुरक्षा तथा व्यवस्थापन शुल्क लिने निर्णय गरियो ।

**निर्णय नं.१८**: प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको आ.व. २०८२/०८३ को आर्थिक कारोवारको अन्तिम लेखापरीक्षण गर्न ICAN मा दर्ता भएका लेखापरीक्षकहरुबाट लेखापरीक्षक नियुक्ति गरी विद्यालयमा खटाउने प्रयोजनको लागि मिति २०८३/०५/१५ गते प्रकाशित १५ दिने सूचना अनुमोदन गरी सूचीकृत हुन आएका लेखापरीक्षकहरुलाई विद्यालयमा खटाउन तपसिलको छनौट समिति गठन गरी आवश्यकता अनुसार अन्य आमन्त्रित सदस्य थप गर्न सकिने गरी छनौट गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

संयोजक : श्री सुकदेव लम्साल - प्रमुख प्रशासकीय अधिकृत
सदस्य : श्री केदारराज आचार्य - नगर शिक्षा अधिकारी
सदस्य : श्री विष्णु खड्का क्षेत्री - सहायक प्रशासकीय अधिकृत, आन्तरिक लेखा परीक्षण शाखा प्रमुख
सदस्य सचिव : श्री नवीन पराजुली - शिक्षा अधिकृत

**निर्णय नं.१९**: प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.८ जलेश्वर टोल विकास अन्तर्गत मिर्लुङे खोला माथि कल्भर्ट निर्माण गर्न आ.व. २०८२/०८३ मा टेण्डर आव्हान भई निर्माण कार्य समेत अघि बढेकोमा विविध कारणले निर्माण हुन नसकेको, यस वर्षको बजेट तय गर्दा छुट हुन गएकोले उक्त कार्य सम्पन्न गर्न बजेट शीर्षक नं.९३५ बाट खर्च हुने गरी रू.२४,९७,६३४/१९ (अक्षेरुपी चौविस लाख सन्तानब्बे हजार छ सय चौतीस पैसा उन्नाइस) को पुन: टेण्डर प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२०**: प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सबै १० वटा स्वास्थ्य चौकी इन्चार्ज र व्यास नगर अस्पतालका प्रमुखलाई मासिक १० लिटर पेट्रोल, आधारभूत स्वास्थ्य केन्द्र र शहरी स्वास्थ्य केन्द्र प्रमुखलाई मासिक ५ लिटर पेट्रोल इन्धन सुविधा बजेट शीर्षक नं.३०४ बाट खर्च हुने गरी र स्वास्थ्य तथा जनसंख्या शाखामा कार्यरत अधिकृतस्तरका कर्मचारीहरु र सबै २६ स्वास्थ्य

संस्थाका इन्चार्जलाई मासिक रू.१०००/– (एक हजार) सञ्चार खर्च बजेट शीर्षक नं.३०९ बाट खर्च हुने गरी (संघीय सरकार सशर्त अनुदान प्राथमिक स्वास्थ्य सेवा) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२१**: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास १० स्थित व्यास नगर अस्पतालको लागि आवश्यक पर्ने १ जना ल्याव टेक्निसियन (पाँचौं तह) विज्ञापनद्वारा पदपूर्ति गर्नुपर्ने भई उक्त पदपूर्ति समितिमा बन्दिपुर अस्पतालमा कार्यरत वरिष्ठ ल्याव टेक्निसियन निरीक्षक (सातौं तह) श्री रामप्रसाद भट्टराईलाई विज्ञ सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२**: प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको ४४ औं नगर सभाबाट स्वीकृत दरबन्दी दर्ताका लागि मिति २०८२/१०/२८ च.नं.२६३१ मा गण्डकी प्रदेश किताबखानामा पठाइएकोमा संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ बमोजिम गठित प्रदेश स्तरीय मूल्याङ्कन समितिको मिति २०८३/४/१४ गते बसेको बैठकले कम्प्युटर सहायक अपरेटर, दोभाषे र अपाङ्गता सहायक कक्षसँग सम्बन्धित पदहरु दर्ता गर्न नमिल्ने भनी निर्णय गरी पुनरावलोकनका लागि मिति २०८३/४/२५ गते च.नं. ३४२ को पत्र प्राप्त हुन आएको हुँदा यस नगरपालिकाको ४५ औं नगरसभा मिति २०८३/३/२७ नि.नं. ५ बाट प्रत्यायोजित अधिकार बमोजिम उक्त दरबन्दीहरु पुनरावलोकन गरी प्रदेशबाट लेखी आए बमोजिमका दरबन्दीहरु नै स्वीकृत गरी पुन: दर्ताका लागि गण्डकी प्रदेश किताबखानामा पठाउने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा मिति २०८३/५/२९ गते सोमबार हरितालिका तीज पर्व परेकाले उक्त दिन नगरपालिका अन्तर्गतका (अति आवश्यक सेवा बाहेक) कार्यालयहरुलाई स्थानीय बिदा दिने निर्णय गरियो ।

**निर्णय नं.२४**: प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत वडा नं.११, १०, ९ र ७ मा सञ्चालित पराशर मार्ग निर्माणको कार्यमा प्रत्यक्ष निगरानी र प्रभावकारी अनुगमन गर्नुपर्ने अवस्था आएको र सो कार्यका लागि नगरमा उपलब्ध प्राविधिकहरुले समय दिन नसक्ने भएकाले नगरको प्राविधिक प्रतिनिधिको प्रत्यक्ष निगरानीमा सुपरिभिजनमा रहने गरी कामकाज लगाई कन्टिन्जेन्सी रकमबाट भुक्तानी हुने गरी इ. विष्णु पाठकलाई नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५**: प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकारबाट जारी भूमि बैंक (स्थापना तथा सञ्चालन) कार्यविधि २०८३ अनुसार गर्ने गरी व्यास नगर भूमि बैंक सञ्चालन निर्देशिका २०८३ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६**: प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगर गाउँ साझेदारी कोषबाट ऋण लिएका निम्न लिखित टोल विकास संस्थाको ऋणीहरुको निम्नानुसार व्याज र हर्जना मिनाहा गरी सावा अशुलउपर गर्ने निर्णय गरियो ।

(१) केशबहादुर थापा – व्यास ५ बंगुलपालन हर्जना व्याज रू.२२,९०९/४३

(२) उजेली रोका, समला परियार, विमा परियार – व्यास ११ हर्जना व्याज रू.४७,१०५/२८

**निर्णय नं.२७**: प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाले विगत अवधिमा गरेका पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि उद्यमशीलता सम्बन्धी विकास कार्यक्रमको श्रव्यदृष्य सामग्री निर्माण गर्न र उक्त खर्च रू.४,५०,०००/- नबढ्ने गरी परामर्श सेवा शीर्षक अन्तर्गत गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२८**: प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा विपदजन्य र अत्यावश्यक निम्न कार्यका लागि बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | धार्मिक पर्यटकीय क्षेत्रको म्यूजिक भिडियो निर्माण (नवराज थापा) | १ | १,००,०००/- | १२० |

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| २. | सावित्री हड्खले, घर जग्गा संरक्षण | १ | ५०,०००/– | विपद |
| ३. | नवआदर्श टोल विकास संस्था ट्रस निर्माण स्तरीकरण | १ | १,५०,०००/– | ७६ |
| ४. | मोहोरियाटार पैह्रोबाट क्षति भएको चौतारा मर्मत | १ | ७५,०००/– | ९३४ |
| ५. | चण्डीका आधारभूत विद्यालय मुलपानी खानेपानी व्यवस्थापन | १ | १,५०,०००/– | ९२३ |
| ६. | सृजनशील टोल शितल मार्ग बाटो स्तरीकरण | १ | ३,००,०००/– | ९३५ |
| ७. | तनहुँसुर भिमसेन धर्मगुठी जात्रा व्यवस्थापन समेत | २ | १,००,०००/– | १२१ |
| ८. | दमौली खुला जुम्बा समूह माइक समेत सामग्री खरिद | ३ | ५०,०००/– | ७६ |
| ९. | डमौली सभाहल मर्मत संहार | ३ | ४,८०,०००/– | ९३४ |
| १०. | कार्यालय भवन अण्डरग्राउण्ड जाने गेट मर्मत तथा रंगरोगन | ३ | १,०५,०००/– | ९३४ |
| ११. | पदम आले करेण्ट लागी आकस्मिक कक्षमा उपचार | ३ | २५,०००/– | ६४ |
| १२. | चुरेखोल्सी सानेखोल्सीमा बाटो निर्माण | ४ | २,५०,०००/– | ९३४ |
| १३. | सिन्धु आमा समूह भवन मर्मत | ५ | १,००,०००/– | ९३५ |
| १४. | सँगमटोल चनौटे जाने बाटो सिंढी निर्माण | ५ | १,५०,०००/– | ९३५ |
| १५. | सानु श्रेष्ठ, भत्किएको गोठ पुन:निर्माण | ५ | २५,०००/– | १४३ |
| १६. | बरबोटे टोल सिसि क्यामेरा र सडक बत्ती जडान समेत | ५ | ३,००,०००/– | ९२९ |
| १७. | राधाकृष्ण मन्दिर ट्रस निर्माण शिशाघाट | ६ | १,५०,०००/– | ९३५ |
| १८. | शिशाघाट तमु समाज भवन निर्माण | ६ | ४,००,०००/– | ९२२ |
| १९. | इन्दु मा.वि. भवन छत मर्मत | ६ | २,००,०००/– | ९२५ |
| २०. | मादीवेंसी पाटी प्रतिक्षालय निर्माण | ६ | १,५०,०००/– | ९३५ |
| २१. | विस्मिल्ला मदर्शा प्लाष्टिक कुर्ची खरिद | ६ | १४,०००/– | ७६ |
| २२. | बेलम्की पैह्रो संरक्षण थप रकम | ८ | ५०,०००/– | विपद |
| २३. | रिस्ती कृषि फर्म पोण्ड लाइनर तथा पाइप खरिद | ८ | ८०,०००/– | १४३ |
| २४. | नारेश्वर ताल शौचालय मर्मत समेत | १० | १,६०,०००/– | ८७६ |
| २५. | मिलीजुली कृषि फर्मबाट चामेखोला हुदै शिवालय जाने बाटो मर्मत | ११ | ९०,०००/– | ९३४ |
| २६. | रानीगाउँ न्यौपानेगाउँबाट कटेज जाने बाटो मर्मत समेत | ११ | ३,००,०००/– | ९३४ |
| २७. | विजय कृषि तथा पशु फर्म वार व्यवस्थापन | ११ | ३०,०००/– | १४३ |
| २८. | छिर्कन टोल शिवालय मन्दिर संरक्षण समेत | १२ | २,००,०००/– | ९३५ |
| २९. | हिउँदे तरकारी प्रवर्द्धन सिँचाइ व्यवस्थापन पाइप खरिद | १२ | २०,०००/– | १४३ |
| ३०. | प्राज्ञिक विद्यार्थी परिषद् सम्मेलन व्यवस्थापन सहयोग | | ३०,०००/– | ७६ |
| ३१. | व्यास नगर जेसिज साइनीङटार कार्यक्रम आयोजना | | २,००,०००/– | ८७ |
| ३२. | सरसफाइ कर्मचारीको विश्राम स्थल मर्मत | | १५,०००/– | ९३४ |
| ३३. | जे.सी. अडिट | | २,००,०००/– | ७६ |

***